# माछापुच्छ्रे गाउँपालिका
## Machhapuchchhre Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
## Office of the Rural Municipal Executive

पत्र संख्या:-
Letter No:-
चलानी नं.:-
Dispatch No.:-

लाहाचोक, कास्की
Lahachowk, Kaski
गण्डकी प्रदेश, नेपाल
Gandaki Province,
Nepal

मिति २०७६/१०/२९

**बिषय साना सिंचाई स्किम / साना सिंचाई बिशेष कार्यक्रम प्रस्ताब आव्हान सम्बन्धि सूचना ।**

यस कार्यालयको आ.व. २०७५ / ०७६ को साना सिंचाई निर्माण तथा मर्मत संभार कार्यक्रम कार्यान्वनका लागि कृषक समूह / उपभोत्ता समिति र सहकारी संस्थाहरुले खाद्यान्न, तरकारी, फलफुल तथा नागेदे वाली उत्पादन कार्यमा टेवा पुर्याउने उद्देश्यले एकृकित रुपमा सिंचाई सुबिधा पुग्न सक्ने स्थानमा बाढी पहिरो आदिले क्षति पुर्याएका सामुहिक सिंचाई, प्लास्टिक पोखरी, स्प्रिलिंकर, थोपा सिंचाई , साना तिना नदीबाट कटान भएका बाँध तथा सिंचाई कुलोहरुको तत्काल मर्मत गर्न वातावारणीय असर नहुने गरि माछापुच्छ्रे गाउँपालिका गाउँकार्यपालिका कार्यालय, कास्कीमा प्रस्तावना सहित तपशिलको शर्तमा रही मिति  २०७६/११ /१५ गते भित्र कार्यालय समयमा आबदेन पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु

१. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
२. प्रस्ताब पेश गर्ने समूह / संस्थाले गर्ने कार्यहरु, अनुमानित लागत खुलाउनु पर्ने छ ।
३. महिला, दलित तथा जनजातीहरुले समूह / उपभोक्ता समिति तहत संस्थाहरुको आयोजनालाई बिशेष प्राथमिकता दिईनेछ ।
४. छनौट भएका आयजोना संचालन गर्न समूह / संस्थाले कुल लागतको घटीमा १५ प्रतिशत रकम जनश्रमदान वा नगद वा दुवै रुपमा जुटाउन पर्ने छ ।
५. कृषक समूह / सहकारी संस्थाले आनिवार्य रुपमा प्रस्ताब सहित बैंकमा खाता संचालन गरेको प्रमाण पेश गर्नु पर्नेछ ।
६. माछापुच्छ्रे गाउँपालिकाबाट बढीमा साना सिंचाई बिशेष कार्यक्रमको लागि बढीमा रु १ लाख ५० हजार अनुदान दिइनेछ।
७. अन्य क्रियाकलाप कार्यान्वयन निर्देशिका बमोजिम संचालन गरिनेछ ।
८. प्रस्ताब पेश गर्ने अनितम मिति २०७६/११ / १५  गते हुने छ  यदी अन्तीम दिन सार्वजनिक बिदा भए सो को भोलि पल्ट कार्यालय समयमा निबेदन दिन सकिनेछ ।
९. थप जानकारीको लागि माछापुच्छ्रे गाउँपालिकाको कृषि शाखामा सम्पर्क गर्नहुन अनुरोध छ ।